# नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५०।०९।१३

संशोधन

| | | |
|---|---|---|
| १. | नेपाल प्रशासन सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति) (पहिलो संशोधन) नियमहरु, २०५७ | २०५७।०८।१९ |
| २. | नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोस्रो संशोधन) नियमहरु, २०५८ | २०५८।०६।२९ |
| ३. | नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (तेस्रो संशोधन) नियमहरु, २०६१ | २०६१।०५।२८ |
| ४. | नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (चौथो संशोधन) नियमहरु, २०७० | २०७०।०१।३० |
| ५. | नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (पाँचौ संशोधन) नियमहरु, २०७२ | २०७२।०९।२१ |

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,–

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ ।

नेपाल कानून आयोग

(ख) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्छ ।

(ग) "सेवा" भन्नाले नियम ३ बमोजिमको नेपाल प्रशासन सेवा सम्झनु पर्छ ।

(घ) "समूह" भन्नाले नियम ४ को उपनियम (१) बमोजिमको समूह सम्झनु पर्छ ।

(ङ) "कर्मचारी" भन्नाले नेपाल प्रशासन सेवाको वा सो सेवा अन्तर्गतका निजामती कर्मचारी समझनु पर्छ ।

३. **<u>सेवाको गठनः</u>** ऐनको दफा ३ बमोजिम नेपाल प्रशासन सेवा गठन गरिएको छ ।

४. **<u>सेवामा रहने समूह, श्रेणी र पदः</u>** (१) सेवामा कामको प्रकृति, सो काम सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योगयता र कार्य विशिष्टता समेतको आधारमा सेवा भित्रको समान प्रकृतिका पदहरु समावेश भएको अनुसूची–१ बमोजिमका समूहहरु रहने छन् ।

(२) सेवामा देहायका श्रेणीहरु रहनेछन्–

(क) <u>राजपत्राङ्कित</u>

(१) विशिष्ट श्रेणी,

(२) प्रथम श्रेणी,

(३) द्वितीय श्रेणी र

(४) तृतीय श्रेणी ।

(ख) <u>राजपत्र अनङ्कितः</u>

(१) प्रथम श्रेणी,

(२) द्वितीय श्रेणी,

(३) तृतीय श्रेणी र

(४) चतुर्थ श्रेणी,

∅(५) पाँचौ श्रेणी ।

(३) सेवाको विशिष्ट श्रेणीमा अनुसूची–२ बमोजिमको पदहरु रहने छन् ।

∅ पाँचौं संशोधनद्वारा थप।



नेपाल कानून आयोग

σ(३क) सेवाको राजपत्राङ्कित प्रथम श्रेणीमा अनुसूची–२क. बमोजिमका पदहरु रहने छन् ।

⇆ (४) उपनियम (३) र (३क) मा उल्लिखित श्रेणी बाहे सेवामा रहने अन्य श्रेणीका र श्रेणी विहीन पदहरु अनुसूची–३ बमोजिम हुनेछन्।

५. **<u>समूहीकृत हुनेः</u>** (१) यी नियमहरु प्रारम्भ हुँदाको वखत लेखा समूह, राजस्व समूह र हुलाक समूहमा समूहीकृत भई कार्यरत रहेका कर्मचारीहरु तत् तत् समूहमा समूहीकृत भएका मानिनेछन्।

(२) यी नियमहरु प्रारम्भ हुँदाका बखत नेपाल प्रशासन सेवामा कार्यरत कर्मचारीहरुमध्ये विशिष्ट श्रेणी र उपनियम (१) बमोजिमका कर्मचारीहरु बाहेक अन्य श्रेणीका कर्मचारीहरु स्वतः सामान्य प्रशासन समूहमा समूहीकृत भएका मानिनेछन्।

➔ ...............

■(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल प्रशासन सेवा हुलाक समूहमा कार्यरत कर्मचारीहरु यो उपनियम प्रारम्भ भए पछि नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहमा समूहीकृत हुनेछन्।

∅(४) विशेष समूहका कर्मचारीहरुको प्रशासन र व्यवस्थापन नियमावली, २०६५ बमोजिम नेपाल विविध सेवा, विशेष समूहमा कार्यरत कर्मचारीहरुको उपयुक्तताको विषयमा लोकसेवा आयोगको परामर्श लिई नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको समान श्रेणीमा समूहीकृत गरिनेछ।

∅(५) उपनियम (४) बमोजिम सामान्य प्रशासन समूहमा समूहीकृत भएका श्रेणी विहीन कर्मचारीहरुको हकमा कार्यालय सहयोगीको पदनाम कायम गरिनेछ।

६. **<u>रिक्त पदको पूर्तिः</u>** (१) सेवा तथा समूहका रिक्त पदहरुको पूर्ति ऐनको दफा ७ को उपदफा (१) बमोजिम हुनेछ ।

---

σ पहिलो संशोधनद्धारा थप।

⇆ पाँचौ संशोधनद्वारा संशोधित ।

➔ पाँचौ संशोधनद्वारा झिकिएको ।

■ तेस्रो संशोधनद्धारा थप ।

∅ पाँचौं संशोधनद्वारा थप ।

[卐](२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रिक्त श्रेणी विहीन पदमा पदपूर्ति गर्दा ऐनको दफा ७ को उपदफा (४) बमोजिम मुख्य कार्य गर्ने भनी तोकिएको पदमा मात्र खुला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ।

७. **<u>नियुक्तिको लागि योग्यताः</u>** सम्बन्धित [λ]<u>सेवा वा</u> समूहको रिक्त पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा ऐनको दफा १० बमोजिम अयोग्य नभएका र अनुसूची – ४ बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरु उम्मेदवार हुन सक्नेछन् ।

८. **<u>सरुवाको व्यवस्थाः</u>** समूहका कर्मचारीहरुलाई सरुवा गर्दा नियमावलीको परिच्छेद–६ को अधीनमा रही समूहभित्रको पदमा मात्र सरुवा गरिनेछ ।

[▽]**८क.** .................

९. **<u>शैक्षिक योग्यता सम्बन्धी व्यवस्थाः</u>** कार्य क्षमताको मुल्याङ्कनद्वारा बढुवा हुनको निमित्त राजपत्राङ्कित पदहरुको हकमा [α]ऐनको दफा २४घ. को उपदफा (३) बमोजिमको शैक्षिक योग्यता र राजपत्र अनङ्कित पदहरुको हकमा तत् तत् पदहरुमा सेवा प्रवेशको लागि निर्धारित शैक्षिक योग्यता आवश्यक पर्नेछ ।

तर यी नियमहरु प्रारम्भ हुँदाको बखत सेवा वा समूहमा बहाल रहेका कर्मचारीको हकमा निजलाई त्यस्तो सेवा वा समूहमा प्रवेश गर्न तोकिएको शैक्षिक योग्यता नै यस नियमको प्रयोजनको निमित्त न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

१०. **<u>सेवा वा समूह सञ्चालन सम्बन्धी व्यवस्थाः</u>** (१) सेवा र सामान्य प्रशासन समूहको सञ्चालन र प्रशासन सामान्य प्रशासन मन्त्रालयले गर्नेछ ।

(२) सामान्य प्रशासन मन्त्रालयको नीतिगत निर्देशनको अधीनमा रही देहायको समूहको प्रशासन देहायको निकायले गर्नेछः–

(क) लेखा समूहको –महालेखा नियन्त्रकको कार्यालय

---

卐 पाँचौ संशोधनद्वारा संशोधित ।

λ दोस्रो संशोधनद्धारा संशोधित ।

▽ पाँचौ सशोधनद्वारा खारेज ।

α पहिलो संशोधनद्धारा संशोधित ।

(ख) राजस्व समूहको – अर्थ मन्त्रालय

✄(ग).................

➔(घ) ..................

**११. अनुसूचीमा हेरफेर वा थपघटः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

**१२. खारेजी र बचाउः** (१) देहायका नियमावली र नियमहरु खारेज गरिएका छन्–

(क) ननगजेटेड पद (भर्ना र प्रमोशन) सम्बन्धी नियमहरु, २०२१,

(ख) लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०३४,

(ग) नेपाल प्रशासन सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०४२,

(घ) हुलाक समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०४७, र

(ङ) राजस्व समूह (गठन, श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०४९।

(२) उपनियम (१) मा उल्लेखित नियमावली तथा नियमहरु बमोजिम भए गरेका काम कारवाहीहरु यी नियमहरु बमोजिम नै भए गरेको मानिनेछ ।

नेपाल कानून आयोग

---

✄ तेस्रो संशोधनद्वारा झिकिएको ।

➔ पाँचौ संशोधनद्वारा झिकिएको ।

दृष्टव्य- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

## अनुसूची – १

### (नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

### सेवामा रहने समूहहरु

(क) सामान्य प्रशासन समूह

(ख) लेखा समूह

(ग) राजस्व समूह

✂(घ).........

➔(ङ) ............

नेपाल कानून आयोग

✂ तेस्रो संशोधनद्वारा झिकिएको ।

➔ पाँचौ संशोधनद्वारा झिकिएको ।

# अनुसूची–२

## (नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

## सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीमा रहने पद

(क) मुख्य सचिव

(ख) सचिव

(ग) ➔................

(घ) प्रमुख अधिकृत

⥃(ङ) महालेखा नियन्त्रक

∅(च) कार्याकारी सचिव

∅ (छ) क्षेत्रीय प्रशासक

नेपाल कानून आयोग

---

➔ पाँचौ संशोधनद्वारा झिकिएको ।

⥃ पांचौ संशोधनद्वारा संशोधित ।

∅ पाँचौं संशोधनद्वारा थप ।

## σअनुसूची – २क.

**(नियम ४ को उपनियम (३क) सँग सम्बन्धित)**

**सेवाको राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पदहरु**

(क) सहसचिव

(ख) महानिर्देशक

(ग) उप–महानिर्देशक

(घ) रजिष्ट्रार

(ङ) सह–महालेखा नियन्त्रक

(च) ➔.............

(छ) तालीम प्रमुख

(ज) क्षेत्रीय निर्देशक

(झ) ➔.................

⥃(ञ) प्रमुख हुलाक अधिकृत

(ट) प्रमुख जिल्ला अधिकारी

(ठ) कार्यालय प्रमुख

∅(ड) प्रमुख भन्सार परीक्षण प्रशासक

∅ (ढ) कार्यकारी अधिकृत

∅ (ण) महावाणिज्यदुत

∅ (त) मिनिष्टर इकोनोमिक्स

∅ (थ) मिनिष्टर

∅ (द) प्रमुख भन्सार प्रशासक

∅(ध) सह क्षेत्रीय प्रशासक

---

σ पहिलो संशोधनद्धारा थप ।

➔ पाँचौ संशोधनद्वारा झिकिएको ।

⥃ पाँचौ संशोधनद्वारा संशोधित ।

∅ पाँचौं संशोधनद्वारा थप ।

## αअनुसूची – ३

**(नियम ४ को उपनियम (४) सँग सम्बन्धित)**

**सेवा, समूहमा रहने पदहरुको नाम**

| (क) सामान्य प्रशासन समूहमा रहने पद | (ख) लेखा समूहमा रहने पद | (ग) राजस्व समूहमा रहने पद | ✂......... |
|---|---|---|---|
| १. राजपत्राङ्कित द्वितीय श्रेणी<br>उप–सचिव<br>निर्देशक<br>क्षेत्रीय निर्देशक<br>उप–निर्देशक<br>रजिष्ट्रार<br>प्रमुख जिल्ला अधिकारी<br>सहायक प्रमुख जिल्ला अधिकारी<br>स्थानीय विकास अधिकारी<br>प्रमुख मालपोत अधिकृत<br>कार्यकारी सचिव<br>उप–रजिष्ट्रार वरिष्ठ व्यवस्थापक<br>■व्यवस्थापक<br>■मुख्य प्रशिक्षक<br>■वरिष्ठ हुलाक हाकिम<br>■धनादेश प्रमुख<br>मुख्य प्रशासकीय अधिकृत (सिंचाइ, सडक)<br>➔ ....................<br>अनुसन्धान अधिकृत | १. राजपत्राङ्कित द्वितीय श्रेणी<br>उप–महालेखा नियन्त्रक<br>उप–सचिव (लेखा)<br>प्रमुख कोष नियन्त्रक<br>कार्यालय प्रमुख<br>रक्षा उपलेखा नियन्त्रक<br>प्रमुख लेखा नियन्त्रक<br>मुख्य लेखा नियन्त्रक<br>लेखा नियन्त्रक<br>∅निर्देशक | १. राजपत्राङ्कित द्वितीय श्रेणी<br>उप–सचिव<br>निर्देशक<br>प्रमुख कर अधिकृत<br>प्रमुख विक्रीकर तथा अन्तःशुल्क अधिकृत<br>प्रमुख भन्सार अधिकृत<br>वरिष्ठ प्रशिक्षक<br>∅उप महावाणिज्यदूत<br>∅काउन्सिलर(इकोनोमिक्स) | |

नेपाल कानून आयोग

α पहिलो संशोधनद्वारा संशोधित ।
✂ तेस्रो संशोधनद्वारा झिकिएको ।
■ तेस्रो संशोधनद्वारा थप ।
➔ पाँचौ संशोधनद्वारा झिकिएको ।
∅ पाँचौ संशोधनद्वारा थप ।

| | | | |
|---|---|---|---|
| ➔.................<br>कार्यालय प्रमुख<br>(यातायात व्यवस्था कार्यालय)<br>➔................<br>प्राचार्य<br>उप–प्राचार्य<br>∅प्रमुख उद्योग अधिकृत<br>∅वरिष्ठ सहकारी अधिकृत<br>∅कार्यकारी अधिकृत<br>∅भूमिसुधार अधिकारी<br>∅श्रम सहचारी<br>∅काउन्सिलर<br>∅साँस्कृतिक काउन्सिलर<br>∅उपमहावाणिज्य दूत | | | |
| (क) सामान्य प्रशासन समुहमा रहने पद | (ख) लेखा समूहमा रहने पद | (ग) राजस्व समुहमा रहने पद | |
| २. राजपत्राङ्कित तृतीय श्रेणी<br>शाखा अधिकृत<br>प्रशासकीय अधिकृत<br>उद्योग अधिकृत<br>सहकारी विकास अधिकृत<br>सहायक प्रमुख जिल्ला अधिकारी<br>प्रशिक्षक<br>इन्स्ट्रक्टर अधिकृत<br>सहायक प्रशिक्षक<br>मालपोत अधिकृत<br>■हुलाक अधिकृत | २. राजपत्राङ्कित तृतीय श्रेणी<br>लेखा अधिकृत<br>कोष नियन्त्रक<br>प्रथम सचिव (लेखा)<br>द्वितीय सचिव (लेखा)<br>⊕आन्तरिक लेखापरीक्षण अधिकृत | २. राजपत्राङ्कित तृतीय श्रेणी<br>शाखा अधिकृत<br>कर अधिकृत<br>विक्रीकर तथा अन्तःशुल्क अधिकृत<br>प्रशिक्षक<br>∅भन्सार अधिकृत | |

∅ पाँचौं संशोधनद्वारा थप ।

■ तेस्रो संशोधनद्वारा थप ।

⊕ मिति २०७७।१२।२३ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।



नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| ■व्यवस्थापक<br>■इलाका हुलाक अधिकृत<br>ग्याजेटेड सुब्बा<br>सहकारी प्रशिक्षक<br>∅कार्यकारी अधिकृत<br>∅श्रम सहचारी<br>∅सहायक रजिष्ट्रार<br>∅सहकारी अधिकृत<br>∅योजना अनुगमन तथा प्रशासकीय अधिकृत | | | |
| ३.राजपत्र अनङ्कित प्रथम श्रेणी<br>नायब सुब्बा<br>प्रशिक्षण सहायक<br>अनुसन्धान सहायक<br>■इलाका हुलाक हाकिम<br>■निरीक्षक<br>टाइपिष्ट<br>∅सहकारी निरिक्षक<br>∅पञ्जिकाधिकारी | ३.राजपत्र अनङ्कित प्रथम श्रेणी<br>लेखापाल<br>सहचारी (लेखा)<br>तृतीय सचिव (लेखा)<br>⊕आन्तरिक लेखापरीक्षण सहायक | ३.राजपत्र अनङ्कित प्रथम श्रेणी<br>नायब सुब्बा<br>कर निरीक्षक<br>विक्रीकर तथा अन्तःशुल्क निरीक्षक<br>अनुसन्धान सहायक<br>जाँचकी | |
| ४.राजपत्र अनङ्कित द्वितीय श्रेणी<br>खरिदार<br>■इलाका हुलाक हाकिम<br>■सर्टर<br>टाइपिष्ट | ४.राजपत्र अनङ्कित द्वितीय श्रेणी<br>सह–लेखापाल | ४.राजपत्र अनङ्कित द्वितीय श्रेणी<br>खरिदार<br>सहायक विक्रीकर तथा अन्तःशूल्क निरीक्षक | |
| ५. राजपत्र अनङ्कित तृतीय श्रेणी<br>मुखिया | ५. राजपत्र अनङ्कित तृतीय श्रेणी<br>सहायक लेखापाल | ५. राजपत्र अनङ्कित तृतीय श्रेणी<br>मुखिया | |

■ तेस्रो संशोधनद्वारा थप ।

∅ पाँचौं संशोधनद्वारा थप ।

⊕ मिति २०७७।१२।२३ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।

| | | | |
|---|---|---|---|
| ■जाँचकी<br>■जुनियर सर्टर<br>टाइपिष्ट | | | |
| ६. राजपत्र अनङ्कित चतुर्थ श्रेणी<br>वहिदार | ६. राजपत्र अनङ्कित चतुर्थ श्रेणी<br>वहिदार | | |
| ≒७. राजपत्र अनङ्कित <u>पाँचौ श्रेणी/श्रेणीविहीन</u><br>परिचर<br>हल्करा<br>हुलाकी<br>कार्यालय सहयोगी<br>माली<br>बगैंचे<br>पाले<br>नेपाल सरकारले तोकेको अन्य पदहरु | | | |

■ तेस्रो संशोधनद्धारा थप ।
≒ पांचौ संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

## [λ]अनुसूची – ४

### (नियम ७ सँग सम्बन्धित)

### सेवा प्रवेशको लागि चाहिने न्यूनतम योग्यता

| (क) | नेपाल प्रशासन सेवाको लागिः | |
|---|---|---|
| क्र.सं. | पद | न्यूनतम योग्यता |
| १. | राजपत्राङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्य शास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव* प्राप्त । |
| (ख) | सामान्य प्रशासन समूहको लागिः | |
| क्र.सं. | पद | न्यूनतम योग्यता |
| १. | राजपत्राङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्य शास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव* प्राप्त । |
| २. | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ३. | राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |
| ४. | राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण । |
| ५. | राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशौं कक्षा वा सो सरह उत्तीर्ण । |
| ६. | राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट आठौं कक्षा वा सो सरह उत्तीर्ण । |
| ७. | श्रेणविहीन पदहरुको लागि | |

नेपाल कानून आयोग

λ दोस्रो संशोधनद्वारा संशोधित ।

* चौथो संशोधनद्वारा संशोधित ।

| | | |
|---|---|---|
| | (क) हेभी सवारी चालक | हेभी सवारी चालकको अनुमतिपत्र (लाइसेन्स प्राप्त) । |
| | (ख) हलुका सवारी चालक | हलुका सवारी चालकको अनुमतिपत्र (लाइसेन्स) प्राप्त । |
| | (ग) परिचर वा सो सरह | साधारण लेखपढ गर्न जान्ने । |
| (ग) | लेखा समूको लागिः | |
| क्र.सं. | पद | न्यूनतम योग्यता |
| १. | राजपत्राङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र, व्यापार प्रशासन, अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र वा जनप्रशासनमा स्नातकोत्तर गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव* प्राप्त । |
| २. | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र, वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र, वा जनप्रशासनमा मध्ये कुनै मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ३. | राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र, वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ४. | राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन श्रेस्ता वा ऐच्छिक लेखा विषय लिई प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण । |
| ५. | राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन श्रेस्ता वा ऐच्छिक लेखा विषय लिई दशौं कक्षा वा सो सरह उत्तीर्ण । |
| (घ) | राजस्व समूहको लागिः | |
| क्र.सं. | पद | न्यूनतम योग्यता |
| १. | राजपत्राङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, |

* चौथो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | वाणिज्य शास्त्र, व्यापार प्रशासन, कानून, अर्थशास्त्र, जनप्रशासन, गणित वा तथ्याङ्क शास्त्रमा स्नातकोत्तर गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव* प्राप्त । |
| २. | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ३. | राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा कानूनमा प्रवीणता प्रमाणपत्र तह वा अर्थशास्त्र, जनप्रशासन, गणित वा तथ्याङ्क शास्त्र मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ४. | राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण । |
| ५. | राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशौं कक्षा वा सो सरह उत्तीर्ण । |
| ६. | राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आठौं कक्षा वा सो सरह उत्तीर्ण । |
| | ✄ ........ | |

स्पष्टीकरणः यस अनुसूचीको प्रयोजनको लागि “मान्यता प्राप्त शिक्षण संस्था” भन्नाले लोक सेवा आयोगवाट मान्यता प्राप्त शिक्षण संस्था सम्झनु पर्छ ।

* चौथो संशोधनद्वारा संशोधित ।

✄ तेस्रो संशोधनद्धारा झिकिएको ।